# गोरखापत्र

GORKHAPATRA DAILY

राष्ट्रिय संस्करण

2019 December 3 Tuesday | Website : www.gorkhapatraonline.com








**नेपाल सरकार**

**वन तथा वातावरण मन्त्रालय**

**वनस्पति विभाग**

**थापाथली, काठमाण्डौ ।**

## राष्ट्रिय वनस्पति पुरस्कार २०७६ सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशन भएको मिति : २०७६/०८/१७**

वनस्पतिको पहिचान, अध्ययन, अनुसन्धान र प्रविधिको विकास गरी सो को संरक्षण, संवर्धन, व्यवस्थापन एवं दिगो उपयोग गरी मुलुकको आर्थिक, सामाजिक एवं वातावरणीय क्षेत्रमा विकास गर्न उल्लेखनीय एवं प्रशंसनीय कार्य गर्ने व्यक्ति वा संघ संस्थालाई पुरस्कृत गर्ने उद्देश्य लिई नेपाल सरकारले वनस्पति विभागको स्वर्ण महोत्सवको अवसर पारेर २०६६ सालमा राष्ट्रिय वनस्पति पुरस्कारको स्थापना भएको हो । सो पुरस्कार वनस्पति विधामा १) पहिचान, अध्ययन, अनुसन्धान, २) श्रोत संरक्षण र सदुपयोग, ३) आर्थिक-सामाजिक विकासमा गरेको योगदान र ४) संस्थागत विकास, प्रवर्धन, शिक्षण र प्रशासनमा वनस्पति सम्पदाहरुको विकास गरी उल्लेखनीय योगदान पुऱ्याउने व्यक्ति वा संघ संस्थालाई दिइनेछ । सोही कार्यको निरन्तरता स्वरुप आगामी वनस्पति दिवस २०७६ चैत्र २९ गतेका दिन प्रदान गरिने राष्ट्रिय वनस्पति पुरस्कार-२०७६ को लागि योग्य व्यक्ति वा संघ संस्थाको पहिचान गरी पुरस्कृत गर्नको लागि नेपाली नागरिक र संघ संस्थाहरुबाट स्वयंका लागि वा अन्य व्यक्ति, संघ संस्थालाई मनोनयन गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिनभित्र वनस्पति विभाग, थापाथली, काठमाडौंमा वा ईमेल info@dpr.gov.np मा आइपुग्ने गरी आवेदन आह्वान गरिएको छ । आवेदन फारमको ढाँचा विभागको आधिकारिक वेबसाईट (www.dpr.gov.np) बाट डाउनलोड गर्न सकिनेछ । व्यक्तिको हकमा आवेदनको साथ व्यक्तिको पूर्ण विवरण (बायोडाटा) र संस्थाको लागि संस्थागत विवरण समेत संलग्न हुनु पर्नेछ ।